Received Date: Dec. 2022 Revised: Jan. 2023 Accepted: Feb. 2023

# नेपालमा छुवाछुत प्रथा हटाउन भएका प्रयास र समाधानका उपायहरू

**विजयप्रसाद मिश्र पिएचडी.**
सह-प्राध्यापक
इतिहास तथा बौद्ध अध्ययन विभाग
पाटन संयुक्त क्याम्पस, त्रि.वि.
**Email:** vijayamishra40@gmail.com
**DOI:** https://doi.org/10.3126/hj.v14i1.52976

**सार**

*नेपालमा सरकारले पटक पटक छुवाछुत मुक्त देश भनेर घोषणा गर्दा समेत छुवाछूतका घटनाहरू बारम्बार भइरहनुले कानुनी रुपमा छुवाछूत गर्ने विरुद्ध सामाजिक अपराध गरे बराबर सरकारवादी मुद्दा लाग्ने व्यवस्था भएर पनि समाधान हुन सकिरहेको छैन । नेपाल सरकारले संविधान, ऐन, कानून, नियमावली, कार्यविधिहरू मार्फत छुवाछूत र भेदभावलाई रोक्ने प्रयास गरेको छ । संविधानमा भएको व्यवस्थालाई सम्बोधन हुनेगरी जातीय तथा अन्य सामाजिक छुवाछूत तथा भेदभाव (कसूर र सजाय) ऐन, २०६८ लाई पहिलो सन्सोधन २०७५ मा गरिएको र सोही आधारमा मधेस प्रदेशले दलितहरूको शसक्तिकरणका लागि ऐन र नियमावलीहरू पारित गरिसकेको अवस्थामा समेत छुवाछूत नहट्नुमा दलित समुदायको पहुँच प्रहरी प्रशासन र न्यायलयमा कम हुनु हो । त्यसैगरी चाहना भएर पनि राजनीतिक पार्टीको दवाव र प्रभावका कारणले उजुरीको प्रकृयामा नजाने प्रबृत्ति बढेको छ । प्रहरी समक्ष आएको मुद्दा पनि प्रहरीले आफूले पनि सून्य सहनसीलताको सिद्धान्तलाई अपनाएर यो अपराध हो अपराधलाई स्वत : कानूनी कारवाहीमा लानु पर्दछ भन्ने जुन सोचाई हुनु पर्ने हो, केही प्रहरीमा त्यो देखिन्न । प्रहरीलाई आफै अप्ठेरो परेमा मात्र वा आफू जोगिनका लागि मात्र मुद्दालाई अगाडी बढाईदिने गरेको छ । छुवाछुतको भावना कमजोर आर्थिक अवस्था भएकामा झन बढी रुपमा लाद्न खोजिन्छ । समाधानका लागि विभिन्न राजनीतिक पार्टीका नेताहरूले पार्टीका स्वार्थलाई भन्दा दलितहरूको हीतलाई ध्यान दिई जसको समस्या उसको अगुवाई हुने समितिहरू बनाउने र कार्यान्वयन गराउने रणनीति बनाउनु पर्दछ । मानिसका आधारभूत आवश्यकताहरू पुर्ति गर्ने तर्फ ध्यान दियौं भने दलितको आर्थिक र शैक्षिक प्रगति हुनेछ । यसबाटै छुवाछूत र विभेद हटाउन सकिन्छ ।*

**शब्दकुञ्जिका :** दुरुत्साहन, नतमस्तक, समावेशी, छोइछिटा र समानुपातिक ।

## अध्ययन विधि

यस लेखमा नेपाल सरकारले विभिन्न चरणमा जारी गरेका संविधान, ऐन, कानून, नियमावली, मन्त्रीपरिषद्को निर्णय, मानव अधिकारसम्बन्धी अन्तराष्ट्रिय घोषणापत्रहरू र विभिन्न लेखकहरूले दलित र छुवाछूतका बारेमा प्रकाशन गरेको लेख र पुस्तकहरू, अन्तर्वार्ता र विभिन्न विज्ञप्ती र कार्यपत्रहरू, पत्रपत्रिकामा प्रकाशन भएका सामग्रीहरूको आधारमा यो अध्ययन गरिएको छ । ऐतिहासिक तथ्यहरूको आधारमा छूवाछूत र भेदभाव विरुद्ध सरकारले विभिन्न समयमा गरेका प्रयासहरू र स्थलगत भ्रमणमा गएर अवलोकन गरिएको आधारमा वर्णनात्मक र विश्लेषणात्मक विधिलाई यस अनुसन्धानमा प्रयोग गरिएको छ । अनुसन्धानमा छूवाछूतका लागि विभिन्न संविधान, ऐन कानूनमा उल्लेख भएका विषयको विश्लेषण गर्दै समस्याका मूल कारण र समाधानका उपायहरूको खोजी गरिएको छ ।

## परिचय

छुवाछूतको जड आर्यहरू हुन् । आर्यहरू भारतबर्ष वा दक्षिण पश्चिम एशियाको तल्लो भागतिर ई.पूर्व ३००० तिर अर्थात ५००० बर्ष पहिले आइपुगेका थिए (शास्त्री : सन् १९९८ : ९) । भारतबर्ष प्रवेश गर्नु पूर्व र भारत बर्ष प्रवेश गरेको पनि करिब दुई हजार बर्षसम्म पनि आर्य समाजमा जाति व्यवस्था थिएन । किनभने ऋग्वेदका दस मण्डलमध्ये दशौं मण्डलमा पुगेपछि मात्र 'त्यस विराट पुरुषको मुख ब्राम्हण, हात क्षत्रीय, जाँघ बैश्य र खुट्टा शूद्र थिए' भनि उल्लेख गरेको भेटिएको छ । यसको अर्थ हो इ.पू. १००० पछि नै बर्णव्यवस्थाको अवधारणाको जग बसाइएको थियो (आहुती : सन् २००४ : ४७९) । कोही ठूलो वा सानो थिएन । सामुहिक रुपमा शिकार खेल्ने, कन्दमूल, फलफुल खोज्ने संगै बसेर सबैले वरावरी बाडेर खाने चलन प्रचलित थियो । आर्यहरूको आगमनभन्दा पहिले सिन्धुघाँटी स्थित हरप्पा सभ्यता (ई.पूर्व ३२५०-२७५० ई.पू.सम्म) मा वर्ण जाति व्यवस्था थिएन । यस क्षेत्रका आर्यहरूलाई ईशाको ३००० बर्ष पहिले हटाइएका थिए । उनीहरूको सभ्यता तहसनहस गरेर दास बनाए ।

श्रम विभाजनको क्रममा आर्यहरूले केही समयपछि ब्राम्हण, क्षेत्री र बैश्य गरी तीन भागमा आफूलाई विभाजन गरे । ब्राम्हण, क्षेत्रीहरूको आपसी मतभेदका कारण चौथो बर्ण शूद्रको निर्माण भयो । जसलाई शिक्षा र जनैवाट बञ्चित गरियो । जाति प्रथा अन्तर्गत चार प्रमुख बर्णको वर्णन छ । ब्राम्हण, क्षत्रीय, बैश्य र शूद्र । तर पूर्वकालमा जुन व्यक्तिले आफ्नो वर्णभन्दा फरक तथा अविहित विचलित व्यवहार गर्दथे उसलाई अपवित्र कार्य गरेको आरोपमा बर्ण व्यवस्थाबाटै निस्काशित गर्ने चलन थियो । जसलाई पञ्चम अथवा अंत्यज्य भनिन्थ्यो । यही पञ्चम बर्ण अन्तर्गत नै अनेक जातिहरू उपलब्ध छन् जसलाई परम्परागत रुपमा अश्पृश्य वा अछूत जाति भन्न थालियो ( राम : सन् २०१३ : ४९) । त्यही अछूत जातिलाई भारतमा महात्मा गान्धीले हरिजन र भारतीय संविधानमा अनूसूचित जाति भनेर उल्लेख गरियो । त्यसैले शूद्रलाई कतै चौथो र कतै पञ्चम बर्गमा व्याख्या गरिएको पाइन्छ ( राम : सन् २०१३: ५०) । वैदिक रुपमा चतुर्वर्णाश्रम व्यवस्थाको अवधारणालाई स्वीकार गर्नेहरू बाहेक केही व्यक्तिहरूले चार वर्णको साटो तीन वर्णलाई मान्ने गरेका छन् । डा. रामधारी सिंह दिनकरले आफ्नो पुस्तक संस्कृति के चार अध्याय नामक हिन्दीमा लेखिएको पुस्तकमा तीन वर्णको उल्लेख गरेका छन् ( शास्त्री : सन् २०१६ : ७०) । ई.सं. ४०० तिर पराजित शुद्रहरू, बौद्धहरू ब्राम्हणहरूको अधिपत्य नमान्ने क्षेत्रीहरूलाई समेत अनन्त बहिष्कृत अर्थात् अछुत घोषणा गरियो । यसरी मानव इतिहासमा जातपात एवं छुवाछुत प्रथाको प्रारम्भ भयो ।

नेपालमा विभिन्न समयमा भारतवाट खेदिएका वा विद्रोह गरी आएका शाक्य, लिच्छवि र मल्ल र शाह बंशहरूले राज्य गरेको पाइन्छ । उनीहरूले नेपाल प्रवेशसंगै बर्ण व्यवस्था पनि लिएर आए । लिच्छिविकाल ( इ.५०० देखि ८७९ सम्म) को नेपाली समाज पूर्णतया वर्ण व्यवस्थामा आधारित थियो । नेपालमा पहिलो पटक घोषित रुपमा जाति तथा बर्ण व्यवस्थाको सुरुवात लिच्छिविकालबाट भएको मानिन्छ । लिच्छवी राजा सुपुष्पद्वारा र त्यसपछि काठमाडौं उपत्यकामा अंशुबर्माद्वारा नेवारी समाजमा हिन्दू बर्ण व्यवस्था लागु गर्न खोजेका थिए ( विश्वकर्मा : २०७६ :२१) । भारतमा ई. ४०० तिर जन्मिएको जाति र प्रथा तत्कालिन नेपालको तराई प्रदेश हुँदै उपत्यका एवं पहाडी भूभागमा फैलियो । मध्यकाल (ई.८७९ देखि १७६८ सम्म) मा यो प्रथा धेरै विकसित भयो । खास गरी काठमाण्डौमा राजा जयस्थिति मल्ल (ई. १३६० देखि १३९५ सम्म) ले कट्टर ब्राम्हणहरू कीर्तिनाथ उपाध्याय र मैथिलहरू रघुनाथ झा, रामनाथ झा, दक्षिण भारतका श्रीनाथ भट्ट र महिनाथ भट्टलाई बोाई बाग्मती उपत्यकामा चार बर्ण र ६४ जातमा समाजलाई विभक्त गरी छुवाछूतलाई समेत कठोरतापूर्वक लागु गरे (आहुती : सन् २००४ : ४८४) । पछि गोरखाको राजा राम शाहले जातिय व्यवस्थालाई निरन्तरता दिएका थिए । पृथ्वीनारायण शाहले पनि नेपाललाई चार बर्ण ३६ जातमा विभाजन गरेका थिए । भीमसेन थापाको प्रधानमन्त्रीत्वकालमा पहिलेको रीतिरिवाजलाई व्यवस्थित गरेर लागु गराइएको थियो ।

मधेसी दलितहरूमा मिथिला क्षेत्रमा लोक देवताको रुपमा पूजीदै आएका सलहेस जातपात प्रथा विरोधी थिए भन्ने जनश्रुति रहेको छ । उनको समय इशाको पाँचौदेखि छैठौं शताब्दीबीचको अवधिलाई मानिएको छ ।

सलहेस सम्बन्धी लोकधारणाले पनि तराईको मिथिला क्षेत्रमा इशाको छैटौं शताब्दी सम्ममा वर्णव्यवस्था कठोर भइसकेको बुझिन्छ (आहुति : २००४ : ४८५)।

जातिय विभेदको कुरा शासकसँग जोडिएको छ। राजाको मौखिक कानून चल्दासम्म मौखिक आदेशवाट कुनैलाई कथित माथिल्लो जात बनाइदिएको किम्बदन्तीहरू पटक पटक सुनिन्छ। शासकहरूले राज्य व्यवस्थालाई आफ्नो अनुकुल वा सामन्तिपारावाट संचालन गर्नका लागि जातिय विभाजन गरेका हुन्। यो विभाजन आर्थिक व्यवस्था बनाइराख्नका लागि पनि गरेको देखिन्छ। जात अनुसारको पेशा गर्न लगाएर समाजको आर्थिक चलखेललाई स्थितिबाँधी राख्न गरिएको यो चलन अहिलेको विश्व बजारिकरण र पुँजीवादको विकाससँगै सबै तिर समाप्त हुनु पर्नेमा नेपाल र भारतमा आश्चर्यजनक ढङ्गले विद्यमान छ। सन् १८५४ मा नेपालमा लामो समयदेखि प्रचलनमा आएको सामाजिक संस्कारलाई लिपिबद्ध गर्नका गर्ने कानूनका रुपमा मुलुकी ऐन जारी गरियो। उक्त ऐनमा जातिहरूलाई विभिन्न पाँच श्रेणीमा विभाजन गरिएको थियो। पाँचौ श्रेणीका जातलाई अछुत मानिएको थियो। अछुतमध्ये पनि छोइछिटो हाल्नु नपर्ने र छोइछिटो हाल्नु पर्ने भनिएको थियो। *उक्त मुलुकी ऐनले मधेसी जातको व्याख्या गरेको छैन* (गुरुङ : २००३ :३) । सन् १८५४ को मुलुकी ऐनमा नेपालको जातीय संरचनालाई पाँच भागमा वर्गिकरण गरिएको जसको पाँचौ नम्बरमा छाइछिटो हाल्नु पर्ने अछुत भनिउल्लेख गरिएको थियो ( चौधरी : २०६५: ५)।

राजाहरूलाई भूपति, विष्णुको अवतार मानिदिँदा उनीहरूले बोलेकै कुरा कानून बनेर सन्तान दरसन्तानलाई पीरदै गइरहेको थियो। सामन्ती संस्कारकै कारण राणा कालमा वीर शमशेर प्रधानमन्त्री हुँदा उनी र उनको पाँचभाइ छोराहरूको नाममा मधेसमा मात्र ३ लाख ६३ हजार ३ सय ६९ विघा जमिन विर्ताको रुपमा थियो (अर्याल : २०६१ : १६१) । यो एउटा उदाहरण मात्र हो। बीरशमेर जस्ता धेरै सामन्तहरूको गाथा मधेससँग जोडिएको छ र उनीहरूलाई चाहिने श्रमिकको जोहो गर्न जातिय प्रथालाई झनै कडा रूपमा अबलम्बन गर्न राज्यले नै सहयोग गरिरहेको थियो। नेपालमा राणा शासनको अन्त्य पछि जातिय छुवाछुत प्रथालाई हटाउने प्रयास भएको थियो। तर तत्कालिन राजा त्रिभुवनले क्रान्तिकारी निर्णय गर्न सकेनन्। २००७ सालमा नेपालमा प्रजातन्त्र आइसकेपछि छुवाछुत हटाउने विषयमा कुरा उठ्दा तत्कालिन राजा त्रिभुवनले २००७ साल चैत १२ गते दिनु भएको स्पष्टीकरणमा 'जातिपातिको भेद, छुवाछुतको भावना इत्यादीलाई हटाउने अथवा नहटाउने भन्ने विषयलाई प्रजातन्त्र राज्यमा कुने एक वा दुई निर्णय हुदैन। यसको निर्णय त सब जनता मिलेर नै गर्नु पर्दछ। तसर्थ विधान परिषद खडा नभएसम्म यो कुरा उठ्दैन' भन्नु भएको छ (देवकोटा : २०५८: १२८)। पछिल्लो समय विभिन्न संविधान ऐन नियमहरू जारी गर्दै छुवाछुत प्रथालाई हटाउन प्रयास गरिएको छ। यसका उपायहरूको खोजी गर्दै सरकारी र सामाजिक तबरबाट पनि भेदभाव र छूवाछूत हटाउन प्रयास गरेपनि कानूनी रुपमा हटेपनि सामाजिक रूपमा पूर्णतया हट्न सकेको छैन। यस अनुसन्धानात्मक लेखको मूख्य उद्देश्य छुवाछूतको ऐतिहासिक पक्ष, नेपालमा छुवाछूतको अन्त्यका लागि नेपाल सरकारले विभिन्न ऐन कानून बनाएर गरेको प्रयासहरू, छुवाछूतका मूख्य कारणहरू र यसको समाधानका लागि के के गर्नुपर्ने हुन्छ भन्ने जानकारीहरू दिनु हो।

**अनुसन्धान विधि :**

ऐतिहासिक तथ्यहरूको संकलन गरी छुवाछूतको परम्परागत अवस्था पत्ता लगाई नेपालको सन्दर्भमा छुवाछूत अन्त्यका लागि नेपालमा भएका प्रयासहरूको खोजविन गरी ऐतिहासिक आधारमा व्याख्या विश्लेषण गर्ने र छूवाछूतको मूख्य कारणहरूको खोजी गर्दै त्यसले पारेको असर र समाधानका उपायहरूको खोजी गरिएको छ। अनुसन्धानमा अवोलकन, अन्तर्वार्ता र पुस्तकहरू, ऐनकानूनमा भएमा व्यवस्थाहरूको अध्ययनका आधारमा विश्लेषण गरिएको छ।

**संविधान, ऐन कानुनमा भएका छुवाछुत सम्बन्धी व्यवस्था :**

नेपालमा संविधान, ऐन, कानुनले छुवाछुतलाई दण्डनीय बनाएको छ ।तर, सामाजिक रुपमा छुवाछुतको अन्त्य अझै हुन सकेको छैन ।जातीय भेदभाव तथा छुवाछुत *(जातीय तथा अन्य सामाजिक छुवाछूत तथा भेदभाव)* (सूर र सजाय) ऐन, २०६८ र यसलाई संसोधन गर्न बनेको जातीय भेदभाव तथा छुवाछुत (कसूर र सजाय) (पहिलो संसोधन ऐन, २०७५ ले दफा ४ मा कस्तो अवस्थालाई जातीय भेदभाव तथा छुवाछुत गरेको मानिने छ भनेर विभिन्न १३ वटा उपदफामा व्याख्या गरेको छ । जसमध्ये संसोधन भएको उपदफा (१२) मा कसैले कुनै पनि व्यक्ति वा समुदायलाई श्रव्यदृष्य सामग्री, लेख रचना, चित्र, आकार कार्टुन, पोष्टर, पुस्तक वा साहित्यको प्रसारण प्रकाशन वा प्रदर्शन गरेर वा विद्युतीय माध्यमबाट वा अन्य कुनै तरिकाले कुनै व्यक्ति वा समुदायलाई त्यस्तो व्यक्ति वा समुदायको उत्पत्ति, जात वा जातिको आधारमा उच्च वा नीच दर्शाउन, जात, जाति वा छुवाछुतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठहऱ्याउन वा छुवाछुत तथा जातीय उच्चता वा घुणामा आधारित विचारको प्रचार प्रसार गर्न वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न वा गराउन हुँदैन भनेको छ ।

कसैले छुवाछुत सम्बन्धी कसूरको दफा ४ को उपदफा २ देखि ८ सम्मको कसूर गरेमा उपदफा ९ देखि १३ सम्मको कसूर गरेमा जरिवाना हुने व्यवस्था छ । तर के यो कार्यान्वयन भइरहेको छ ? आज कानुनमा छ त । दिएकै छ नि अधिकार भनेर छुवाछुत र भेदभावको सवाललाई कडाईको साथ लागू गर्ने अभियान चलाएको पाइन्छ । यस्ता मुद्दा सरकारवादी हुने भनिएको छ तर प्रहरी हिरासतमै प्रहरीकै कुटाईबाट दलितको ज्यान जाने गरेको छ । दलितलाई न्याय दिनुभन्दा राजनीतिक पहुँचका आधारमा दलित माथि भेदभाव भएको छ भने प्रहरी प्रशासन पनि राजनतिक दवावमा नतमस्तक हुनुपर्ने बाध्यता छ । सजाय २०६८ भन्दा २०७५ मा संसोधन गरेको सजायको कैद र जरिवाना दुबै बढाएकोमा दलित समुदाय खुसी हुनु स्वभाविक हो । तर ती कुरा कागजमा मात्र सिमित रहेको छ । जस्तै शुरुका ८ उपदफासम्मको कसूर गरेको खण्डमा तीन महिनादेखि तीन बर्षसम्म कैद र पचार हजार देखि दुईलाख रुपैयाँसम्म जरिवाना भनेको छ भने उपदफा ९ देखिको कसूर गर्दा दुई महिनादेखि दुई बर्षसम्म कैद र बीस हजार देखि एकलाख रुपैयाँसम्म जरिवाना भनिएको छ । सार्वजनिक पद धारण गरेकालाई थप ५० प्रतिशत कैद र जरिवाना भनिएको छ । छुवाछुत गर्न मद्दत गर्ने, उकास्ने, दुरुत्साहन गर्ने वा अनुसन्धानमा अवरोध गर्नेलाई समेत कसूरदारले पाउने सजायको आधा सजाय दिने भनिएको छ । पीडितलाई क्षतिपूर्ति स्वरुप पच्चिस हजार देखि एकलाख रुपैयाँसम्म दिने भनिएको छ । सो क्षतिपूति पीडकबाट भराउने वा पीडित राहत कोषबाट पछि पीडकबाट सोधभर्ना हुनेगरी पिडितलाई क्षतिपूर्ति उपलब्ध गराउनु पर्दछ भनिएको छ । कानुनमा यति व्यवस्था हुँदा हुँदै पनि धरानका मेयर हर्क साम्पाङ्ले चमारे भन्न भ्याएकै छन् र माफी माग्न पनि तयार देखिदैनन् । अझ गाउँघरमा यसको अवस्था कस्तो होला ?

नेपलाको संविधानमा दलितहरूको हकहीतका लागि गरिएको व्यवस्थालाई हेर्दा राजनीतिक पार्टी र संविधान सभामा प्रतिनिधित्व गर्ने नेताहरू उदार भएकै हुन भन्ने लाग्दछ । किनकी नेपालको संविधान,२०७२ को प्रास्तावनामा... वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र समाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका अधारमा समतामूलक समाजको निमार्ण गर्ने संकल्प गरिएको छ । संविधानको धारा २४ : छुवाछूत तथा भेदभाव विरुद्धको हकको व्यवस्था गरिएको छ । जसमा भनिएको छ - कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाती, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछूत वा भेदभाव गरिने छैन । कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई खरिद वा प्राप्त गर्नबाट रोक लगाइने वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई मात्र बिक्री वितरण वा प्रदान गरिने छैन ।

उत्पत्ति, जात, जाति वा शारीरिक अवस्थाको आधारमा कुनै व्यक्ति वा समुदायलाई उच्च वा नीच दर्शाउने, जात, जाति वा छुवाछूतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठान्ने वा छुवाछूत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्न वा जातीय वेभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाईने

छैन । जातीय आधारमा छुवाछूत गरी वा नगरी कार्यस्थलमा कुनै प्रकारको भेदभाव गर्न पाइने छैन । यस धाराको प्रतिकूल हुने गरी भएका सबै प्रकारका छुवाछूत तथा भेदभावजन्य कार्य गम्भीर सामाजिक अपराधका रुपमा कानून बमोजिम दणडनीय हुनेछन् र त्यस्तो कार्य बाट पीडित व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ । त्यसैगरी संविधानको धारा ४० मा  दलितको हक भनेर छुट्टै व्यवस्था गरिएको छ । जसमा भनिएको छ -राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ । सार्वजनिक सेवा लगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिताका लागि कानून बमोजिम विशेष व्यवस्था गरिनेछ ।

दलित विद्यार्थी प्राथमिकदेखि उच्च शिक्षासम्म कानून बमोजिम छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ । प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि कानून बमोजिम विशष व्यवस्था गरिनेछ ।  दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न कानून बमोजिम विशेष व्यवस्था गरिनेछ । दलित समुदायलाई आफ्नो परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्ने हक हुनेछ । राज्यले दलित समुदायका परम्परागत पेशा सँग सम्बन्धित आधुनिक व्यवसायामा उनीहरूलाई प्राथमिकता दिई त्यसका लागि आवश्यक पर्ने सीप र स्रोत उपलब्ध गराउनेछ । राज्यले भूमिहीन दलितलाई कानून बमोजिम एक पटक जमीन उपलब्ध गराउनु पर्नेछ । राज्यले आवासविहीन दलितलाई कानून बमोजिम बसोवासको व्यवस्था गर्नेछ । दलित समुदायलाई यस धाराद्वारा प्रदत्त सुविधा दलित महिला, पुरुष र सबै समुदायमा रहेका दलितले समानुपातिक रूपमा प्राप्त गर्ने गरी न्यायोचित वितरण गर्नु पर्नेछ ।

त्यसैगरी संविधानको धारा ४२ मा सामाजिक न्यायको हकको व्यवस्था गरिएको छ । जसमा भनिएको छ - आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, *दलित,* आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम पिछडा वर्ग, अल्पसंख्यक, सीमानतीकृत, अपांगता भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पीडित वा पिचडिएको क्षेत्रका नागरिक तथा आर्थिक रुपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुनेछ । हुन  त  राजनीतिमा दलितको प्रतिनिधित्व बढाउनका लागि स्थानीय तहमा वडा सदस्यमा एक जना दलित महिलालाई आरक्षण दिएर उम्मेदबारी रकममा ५० प्रतिशत छुट समेत गरेको छ । नगरकार्यपालिकामा ३ र गाउँकार्यपालिकामा २ जना दलित वा अल्पसंख्यक निर्वाचित हुने व्यवस्था गरेको छ । प्रतिनिधिसभामा १३.८ प्रतिशत कोटा र प्रदेशमा सम्बन्धीत प्रदेशको जनसंख्या अनुसार प्रतिनिधित्वको व्यवस्था र क्रम सूचि अनुसार समानुपातिक सदस्य छनोट गर्ने सुनिश्चितता समेत गरिएको छ । राष्ट्रिय दलित आयोगलाई संवैधानिक आयोग बनाइएको छ ।

यस अघिको नेपालको अन्तरिम संविधान २०६३ ले समेत दलित हकहीतका लागि राम्रो व्यवस्था गरेको थियो । अन्तरिम संविधानको भाग ३ को मौलिक हक अन्तर्गत धारा १३ मा समानताको हकको व्यवस्था गरिएको थियो । उक्त धाराको (२) मा सामान्य कानूनको प्रयोगमा कुनै पनि नागरिक माथि धर्म, बर्ण, लिङ्ग, जात जाति, उत्पत्ति, भाषा वा बैचारिक आस्था वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन भनिएको थियो । त्यसैगरी सोही धाराको उपधारा ( ३) मा राज्यले नागरिकहरूका बीच धर्म, बर्ण, जातजाति, लिङ्ग, उत्पत्ति, भाषा वा बैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन । तर, महिला, दलित, आदिवासी, जनजाति, मधेशी वा किसान, मजदुर वा आर्थिक , सामाजिक वा साँस्कृतिक दृष्टिले पिछडिएको बर्ग वा बालक, बृद्ध, तथा अपाङ्ग वा शारिरिक वा मानसिक रुपले अशक्त व्यक्तिको संरक्षण, सशक्तिकरण वा विकासको लीग कानूनद्वारा विशेष व्यवस्थ ागर्न रोक लगाएको मानिने छैन  भनी उल्लेख गरिएको थियो ।
त्यसैगरी मौलिक हक अन्तर्गत नै धारा १४ मा छुवाछुत तथा जातीय भेदभाव विरुद्धको हक सम्बन्धी पाँचवटा उपधाराहरूमा व्याख्या गरिएको थियो । उपधारा (१) मा कुनै पनि व्यक्तिलाई जात, बंश, समुदाय वा पेशाका आधारमा कुनै किसिमको छुवाछुत तथा जातिय भेदभाव गरिने छैन । यस्तो भेदभावपूर्ण व्यवहार दण्डनीय हुनेछ र पीडित व्यक्तिले कानुनद्वारा निर्धारण भए बमोजिकमो क्षतिपूर्ति पाउनेछ  भनिएको थियो ।

त्यसैगरी उपधारा (२) मा कुनैपनि व्यक्तिलाई जातजातिको आधारमा सार्वजनिक प्रयोगमा रहेका सेवा, सुविधा वा उपयोगका कुराहरू प्रयोग गर्नवाट वा सार्वजनिक स्थल वा सार्वजनिक धार्मिक स्थलमा प्रवेश गर्न वा धार्मिक कार्य गर्नवाट बञ्चित गरिने छैन भनिएको थियो । उपधारा (३) मा कुनै बस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो सेवा, सुविधा वा बस्तु कुनै खास जातजातिको व्यक्तिलाई खरिद वा प्राप्त गर्नवाट रोक लगाउन वा त्यस्तो बस्तु सेवा वा सुविधा कुनै खास जातजातिको व्यक्तिलाई मात्र विक्रि वितरण गरिने छैन । तथा उपधारा (४) मा कुनै जातजाति वा उत्पत्तिका व्यक्ति वा व्यक्तिहरूको समूहको उचनीच दर्शाउने, जातजातिको आधारमा सामाजिक विभेदलाई न्यायोचित ठहऱ्याउने वा जातीय सर्वोच्चता वा घृणामा आधारित विचारको प्रचारप्रसार गर्ने वा जातिय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइने छैन भनिएको थियो ।

उपधारा (५) मा उपधारा (२), (३) र (४) विपरीतको कार्य कानुन बमोजिम दण्डनीय हुनेछ भनी लेखिएको थियो । अन्तरिम संविधान २०६३ ले व्यवस्था गरेको छुवाछुत तथा जातिय भेदभाव विरुद्धको हकलाई कार्यान्वयनमा ल्याउनका लागि नै जातीय भेदभाव तथा छुवाछुत (कसूर र सजाय) ऐन, २०६८ ल्याइएको थियो । जसको बारेमा संक्षेपमा माथि उल्लेख गरिएको नै छ । यो ऐन लागु भयो, सन्सोधन पनि भयो । तर, ऐनको कार्यान्वयनको अबस्था कस्तो छ भन्ने प्रश्न गर्दा दलितको मात्र होइन गैरदलितहरू जो दलितको मित्र शक्ति छन् उनीहरूले समेत नमिठो अनुभुति गरिरहेका छन् । वि.सं. २०२१ को नयाँ मुलुकी ऐनले जातीय छुवाछुतको अन्त्य गरिसकेको छ । यस ऐन अनुसार कसैले पनि जात, जाति र बर्णका आधारमा ठूलो वा सानो ठान्न नपाउने र कानुनका अगाडी सबै समान हुने बनाइयो (दहाल :२००२: ७) ।

कानूनले छुवाछूतको अन्त्य गर्दा पनि दलितमाथी सामाजिक रुपमा छुवाछूत विभिन्न बहानामा कथित उच्च जातिले थोपरिरहेपछि विद्रोहको रफ्तार बढ्न थाल्यो । जहाँ दमन, उत्पीडन र दलन हुन्छ, त्यहाँ द्वन्द्व, सङ्घर्ष र प्रतिरोध पनि हुन्छ । कुनै पनि बस्तु र विचारमा सकारात्मक र नकारात्मक पक्षबीच द्वन्द्व, एकता र रुपान्तरण भइरहेको हुन्छ । प्रकृतिमा जस्तै समाजमा पनि द्वन्द्व, एकता र रुपान्तरणको प्रक्रिया जारी रहेको हुन्छ (महर्जन : २०७० : १५) । यहाँ भनेजस्तै दलित समुदायमा पनि रुपान्तरणको प्रक्रिया शुरु भयो । सरकारी गैरसरकारी संस्थाहरू र मानव अधिकार संघसंगठनहरूले दलितको पक्षमा पैरवी गर्न थाले । दलितहरू स्वयं आन्दोलित भए । सिरहा जिल्लाको लहानमा उच्च जातिको घरमा मरेको सिनु नफाल्ने निर्णयमा पुगेका चमार जातिविरुद्ध उच्च जातिका मानिसहरूले २०५६ चैत्र ११ गतेदेखि सार्वजनिक सूचना जारी गरेर चमार जातिलाई सामाजिक बहिष्कार गर्ने घोषणा गरे । त्यसपछि चमारहरूमाथि अरुको जग्गामा टेक्न नपाउने, सार्वजनिक पोखरी, इनार र धारा प्रयोग गर्न नपाउने जस्ता बन्देज गलाएर जातिय आतङ्क सृजना गरे (आहुति : २००४: ४८८) ।

फ्रेडरिक एच. गेजले अनुसन्धानको क्रममा महोत्तरी र धनुषाका अध्ययनका लागि छानिएका मानिस मध्ये २१ प्रतिशत तराईका अक्षुत जातका थिए, सन् १९६७ मा त्यस जिल्लाका सबै गाउँ पञ्चायतका सदस्यमध्ये १४ प्रतिशत ती अछुत जातका थिए । अधिकांश अछुतहरू त्यस्ता वडावाट छानिएका थिए जहाँ उनीहरूको मात्र बसोबास छ र जहाँ उनीहरूले अरु कुनै समुहसंग प्रतिस्पर्धा गर्नु पर्दैन । (गेज : २०१३ : १६२) तराईका अछुत जातका प्रतिनिधि गाउँ पालिका र नगरपालिकासम्म पुग्न सफल भएका छन्, यद्यपि उनीहरू उदाहरणका लागि, सन् १९६७ मा कपिलबस्तु जिल्लाका अध्ययनका लागि छानिएका गाउँमा चमारको जनसंख्या कुल जनसंख्याको ८ प्रतिशत थियो । उनीहरू त्यस जिल्लाका गाउँ पञ्चायतका सिटहरू मध्ये एक प्रतिशत मात्र निर्वाचित हुन सफल भएका थिए (गेज : २०१३ : १७२) । अहिले परिस्थिति फेरिएको छ । संविधानले नै समावेशी र समानुपातिक व्यवस्था सबै क्षेत्रमा गरेकोले सरकारी जागिर होस या जनप्रतिनिधिको सवाल सबै क्षेत्रमा दलितले जनसंख्याको आधारमा समानुपातिक सिद्धान्तमा कोटा पाउने गरेका छन् ।

दक्षिण एशियाका करिब २५ करोडभन्दा बढी दलितहरू आज पनि आँसु र आक्रोश मिश्रित भाकामा हरेक शासन व्यवस्थाका सामु शूद्र र अछुतजस्ता अपमानपूर्ण पदावलीले हेपिनु परिरहेको छ (आहुती: २००४ :४७५) । सरकारले पटक पटक नेपाललाई छुवाछुत मुक्त देश भनेर घोषणा गरिरहेको छ, तर व्यवहारमा छुवाछुत अहिले पनि हट्न सकेको छैन । मधेसमा दलितहरू नागरिकता प्राप्त गर्ने जटिल तरिकाबाट पिडित छन् । केही दलित महिलाहरूले जतिसुकै प्रयास गर्दा पनि नागरिकता नपाएको अवस्था छ । डोम समुदायसम्बन्धि अनुसन्धानले उनीहरू गैरदलित भन्दा पनि दलितले बेसी आफूलाई छुवाछूत र भेदभाव गर्दछन् भन्ने धारणा डोमहरूको मनमस्तिष्कमा भित्रसम्म गढेर बसेको छ (पासवान : २०६९ : २४५) । यो अनुसन्धानले दलित दलितबीच पनि छुवाछूतको अवस्था देखिएको छ ।

सन् १९३० मा महात्मा गान्धीले बेलायत भ्रमणको अवसरमा प्रश्न गरेका थिए,' ब्रिटिश सभ्यताका बारेमा यहाँ के पढाइन्छ ?' यसको अर्थ त्यहाँ विभेद र सामाजिक न्यायलाई कसरी सम्बोधन गरिन्छ भन्ने थियो । यो प्रश्न भित्र लुकेको कुरा नै शिक्षाको समावेशिताको आबश्यकता हो (कुशियैत : २०६७ : ४७) । छुवाछूतबाट मुक्त हुनका लागि परम्परागत पेशा त्यागेकाहरूले बैकल्पिक व्यवसाय खोजे, कोही कामका लागि आफ्नो जन्मथलो छोडेर अपरिचत स्थानमा गएर व्यापार व्यववसाय गर्न थाले । सिरहा र सप्तरीमा भएको चमार आन्दोलन पछि दलित महिलाहरू आफू साक्षर हुनु पर्दछ भन्ने अनुभुति गरेर रिफ्लेक्ट कक्षामा सक्रियता पूर्वक सहभागी हुने, बालबालिकालाई पढ्न पठाउने र आज आर्जनका लागि बैकल्पिक सोतहरूको खोजी गर्न थालेका थिए (रुपान्तरणका पाइलाहरू : २०५९ : ३३) । आर्थिक उन्नती प्रगती गरे पनि, लोकसेवा पास गरेर सरकारी जागिर खाएपनि वा जनप्रतिनिधि भएर राजनीतिमा सक्रिय भएपनि कुनै न कुनै मोडमा छुवाछुतका घटनाले मानसिक पीडा दिने गरेको दलित नेता र बौद्धिक बर्गले अनौपचारिक कुराकानीमा बताउने गर्नु भएको छ । मानिस भित्र रहेको छुवाछूतको मनोविज्ञानलाई जरैदेखि उखेलेर फाल्न केले अवरोध गरिरहेको छ ? यसको खोजी गर्नु नै अहिलेको आवश्यकता भएको छ ।

**ऐन कार्यान्वयनको बाधाहरू :**

कानुनले दलित हकहीतका लागि राम्रो प्रावधानहरूको व्यवस्था गर्दागर्दै पनि देशभरको डाटा हेर्दा मुद्दा गर्ने चाहना नै नगरेको देखिन्छ । मानिस प्रहरी प्रशासन वा अदालतमा न्याय माग्नका लागि किन जाँदैनन् ? किन यो भइरहेको छ । यसका धेरै कारणहरू खोज्न सकिन्छ । पहिलो कारण, दलितहरूको प्रहरी प्रशासनमा पहुँच हुदैन । सधैं पुलिसप्रशासन आउदैन । र पुलिस प्रशासन पनि उनीहरूको पक्षमा लागिहाल्छन् भन्ने ग्यारेन्टी हुँदैन । आज कानूनी रुपमा गयो भने भोली यहाँ बस्नु पर्दछ कि पर्दैन भन्ने प्रश्नहरू दलितको मनमा खेल्न थाल्दछ । मानसिक रुपमा आजको अन्यायको पीडाभन्दा भोली यहाँ बस्न सकिन्छ कि सकिदैन भन्ने कुरामा बढी चिन्तित रहेर दलितहरू छुवाछुत र विभेद सहेर बसेका छन् । प्रहरीकोमा गएर उजुरी गर्नु भन्दा चुप लागेर बस्दछन् । दोस्रोमा चाहना भएर पनि राजनीतिक पार्टीको दवाव र प्रभावका कारणले उजुरीको प्रकृयामा नजाने प्रबृत्ति बढेको छ । अधिकांश पीडितले प्रहरी समक्ष उजुरी दियो र अदालतसम्म जाने मनसाय व्यक्त गऱ्यो भने सबैभन्दा बढी दवाव राजनीतिक पार्टीका कार्यकर्ताहरूले दिनेगरेका छन् । उनीहरू सामाजिक रुपमा नै मिलाउनु पर्दछ भन्नेमा विश्वास गर्दछन् । कुनै न कुनै हिसावले कसुर गर्ने कुनै न कुनै पार्टीमा आबद्ध भइहाल्छन् । त्यसले राजनीतिक संरक्षण पाउँछ ।

सप्तरीमै दलित बस्तीमा महिला बलत्कार भएको घटनामा बलत्कारको आरोप लागेका माओवादी कार्यकर्तालाई माओवादी पार्टीले संरक्षण गरी निर्दोसको हत्या गरेजस्तो । पीडा दिनेहरूकै राजनीतिक पहुँच बढी भएको देखिन्छ । यसले राजनीतिक पार्टीहरूको लविङ् दलितमुखी नभएर पार्टीमूखी हुन्छ ।आफूभन्दा माथीको निर्देशन मान्नु पर्ने कुराले पनि यस्तो समस्या खडा गरिदिइरहेको छ । यसले न्याय पाउन असहयोग भइरहेको छ । तेस्रो कारण प्रहरी समक्ष आएको मुद्दा पनि प्रहरीले आफूले पनि सून्य सहनसीलताको सिद्धान्तलाई अपनाएर

यो अपराध हो अपराधलाई स्वत : कानूनी कारवाहीमा लानु पर्दछ भन्ने जुन सोचाई हुनु पर्ने हो, केही प्रहरीमा त्यो देखिन्न । प्रहरीलाई आफै अप्ठेरो परेमा मात्र वा आफू जोगिनका लागि मात्र मुद्दालाई अगाडी बढाईदिने गरेको छ ।  पत्रपत्रिकामा उछालिएका समाचार भएभने माथिसम्मलाई जवाफ दिनु पने बाध्यताले मुद्दा अगाडी बढाउने तर मिडियाले गुपचुप राखेको वा कभरेज नगरेको घटनालाई सामसुम पार्ने रणनीतिमा प्रहरी देखिने गर्दछन् । अपराध रहेछ भन्नु भन्दा, मेलमिलाप  गर्नुस भनेर दवाव दिने गरेका छन् । सबैतिरवाट सकारात्मक सहयोग नपाउने भएकोले पिडितहरूले चाहँदा चाहदै पनि न्याय प्रकृयामा जान नसकेको अवस्था छ । सम्बन्धित निकायमा अधिकारवादी संस्थाहरूले बोलिदिने चलन त छ तर त्यो घटनाविशेषसंग सम्बन्धित रहेर एडभोकेसी बढी भएको हो कि भन्ने हेर्नु पर्ने बेला आएको छ । संस्थाहरूको पनि आफ्नै लिमिटेशन होला वा प्रोजेक्टमा नपरेको कुरामा हामीले कसरी  गर्ने भन्ने कुरा पनि हुन सक्छ । दलितहरूसंग सम्बन्धित राजनीतिक पार्टीका भातृसंगठनहरू प्रोजेक्टसंग चाँसो नराख्ने भूमिका हुनु पर्दथ्यो त्यो पनि भएको पाइदैन ।

भातृसंगठनले संघसंस्थालाई डलरको खेती गरेको भनीदिने तर आफू भने पार्टीको नेतृत्वको निर्देशनभन्दा एक इन्च पनि तलमाथि हुन नचाहने । नेतृत्व जहिले पनि राजनीतिक संरक्षण गरेर बस्ने यस्तो कुराले आम मानिसमा छुवाछुतको समस्या समाधान गर्न सक्रियता देखाउने गरेको पाइन्न । छुवाछुत मानिरहेको मानिसहरूलाई नै कसरी परिवर्तन गर्ने ? जातिय भेदभाव र छुवाछुतको पीडा कति गहिराईसम्म हुन्छ भन्ने उनीहरूलाई थाहा छैन । यो सामान्य पिडा हो भन्ने ठान्दछन् । उनीहरूलाई के थाहा बाँसको लठ्ठीको कुटाईवाट हुने पीडाभन्दा शब्दको लठ्ठीवाट हुने कुटाईको पीडा मनभित्र विभ्रेर बस्छ भन्ने । जस्तै : उदाहरणको रुपमा विद्यालयमा पढ्न जाने दलित बालबालिका पढ्दा सबै साथी मिलेका हुन्छन् । तर जब पानी राखेको अपिसकोठामा राखेको पानी सारेर खान खोज्दा शिक्षकले ''तँ नछो, म सारी दिन्छु ।' भन्दा शिक्षकलाई सामान्य लाग्ला तर दलित विद्यार्थीलाई ती शब्दहरूले मनोबैज्ञानिक असर परिरहेको हुन्छ । कतिले त साथीहरूसंग त्यसपछि विस्तारै संगत छोडदै जान्छन् र मानसिक रोगि जस्तो भएर बाँच्नु पर्दछ ।

शब्दहरू प्रयोग गर्दा ध्यान दिदैन तर त्यसले दलितहरू प्रति विभेद गरिरहेको हुन्छ । कसैले असमाजिक कृयाकलाप गरिरहेको छ भने बौद्धिक व्यक्तिहरूले पनि प्याच्च ''कस्तो व्यहोरा देखाएको दमाई कामी जस्तो ।' भनिदिन्छन् । धरानका मेयर हर्क साम्पाङले चमारे शब्द प्रयोग गरेजस्तो । यसले सबै खराव चिज दलितले नै गर्दछन् भन्ने अर्थ लाग्छ । त्यसैगरी राम्रो बोल्ने, तर्क वितर्क गर्न सक्ने कोही दलित भएमा मानिसहरूले सकारात्मक रुपमा भने जस्तो गरी'कति राम्रो बोलेको बाहुन जस्तै, तिमीलाई त दलित भन्न पनि सुहाउँदैन ।' यो सुन्दा प्रशंसा गरे जस्तो लाग्छ तर शब्दको लठ्ठीले हिर्काए जस्तै हुन्छ । दलित समुदायको महिला गोरी राम्री देखिदाँ 'कस्ती बाहुनी जस्तै देखिन्छे' भनिदिने प्रचलनले पनि चोट दिइरहेको हुन्छ । बच्चामा खेल्ने 'छोइडूम' भन्ने खेलले पनि छुवाछुतलाई प्रबर्धन गरिरहेको हुन्छ ।  एकजना डूम बनाउने र उसले जसलाई छोयो त्यो अछुत हुने र उसले फेरी अरुलाई छुएर अछुत बनाउनु पर्ने । उखानतुक्का जस्तै : 'बेला न कुबेला कामीलाई खिर'ले पनि विभेद गरिरहेको हुन्छ ।

हिन्दु राजाहरूले नेपालमा बर्ण व्यवस्था लागु गर्ने क्रममा ब्राम्हण, क्षेत्री बैश्य र शुद्र मानिसलाई चार भागमा विभाजन गरे । शुदलाई अछुत जातिको रुपमा परिभाषित गर्न थालियो जसलाई नेपालमा दलित भनिन्छ । सेवामुलक पेशा गर्नेहरू मध्ये राजा, सामन्तहरूको मौखिक कानून हुन्जेल सम्म जात घटाउने र बढाउने काम पनि हुने गरेको थियो । जसका कारण नेपालमा धेरै कारणहरूले दलितको उत्पत्ति भएको देखिन्छ । जंगबहादुर राणाले वि.सं. १९१० मा जारी गरेको पहिलो मुलुकी ऐनमा जातिय मान्यता दिई दलितलाई छोइछिटो हाल्नु पर्ने र नपर्ने गरी विभाजन गरी पानी नचल्ने, छुवाछुत हुने कुरालाई राज्यले कानूनी मान्यता दियो । यसलाई राजा महेन्द्रको पालामा आएको नयाँ मूलुकी ऐनले हटाएर छुवाछुत गर्न नपाइने भनेपनि राज्यले छुवाछुत गर्नेलाई कुन प्रकृया अनुसार कारबाही गर्ने भन्ने कुराको प्राबधान राख्न सकेको थिएन । त्यसपछि शेरबहादुर देउवाको

प्रधानमंत्रीत्वकालमा आज भन्दा १२ बर्ष अघि नेपाललाई छुवाछुत मुक्त राष्ट्र घोषणा गरिएको र २०६८ सालमा जातीय भेदभाव तथा छुवाछुत (कसूर र सजाय) ऐन, २०६८ पारित भएको अवस्थामा पनि छुवाछुत हटेको छैन । छुवाछुतका घटनाहरू दिनहुँ बढीरहेका छन् ।

रुढीबादी परम्पराको सोच, रितिरिवाज र धर्मसंस्कारले छुवाछूत कायमै राखेको देखिन्छ । रोजगारबाट बञ्चित, श्रम शोषण र बानी व्यहोरा तथा धुम्रपान र मध्यपान सेवन गर्नाले जीवनमा प्रगती गर्नुपर्दछ भन्दापनि जेनतेन जीवन गुजारा गर्नुपर्दछ भन्ने मानसिकतामा गएकाहरूको बाहुल्यता भएकोले बाल बिवाह, जनचेतनाको कमी र आर्थिक अवस्था कमजोर भएर छुवाछूतको भावना कम हुन सकेको छैन । कथित उच्चजातिहरू आर्थिक स्थिति बलियो भएका दलितलाई हेप्न सक्दैनन् । सीप मूलक तालिम प्राप्त नभएको, शिक्षाको अभाव, गरेको कामको बजारिकरणको अभाव र अवसरबाट बञ्चित भएर गरिब भएका दलितहरूमाथी छुवाछूतको भावना बढी लादिएको छ । कृषि मजदुरीमा कम ज्याला दिने गरिएको छ । विदेश जान चाहने दलित यूवाले चर्को व्याजमा कर्जा लिनु पर्ने बाध्यता छ ।आरक्षणको समस्या छ । दलित बसेको जग्गा खोलाको तटमा, ऐलानी पर्ति जग्गामा बढी भएकोले लालपुर्जाको व्यवस्था छैन ।कार्यालयमा छुवाछुतको भावना राख्ने गरेका छन् । जनप्रतिनिधि भएपनि दलित हो भनेर अन्य जातका जनप्रतिनिधिले हेपेर बोल्ने गरेका छन् ।

उपलब्धीहरू :

यस अनुसन्धानले निम्न उपलब्धिहरू प्राप्त गरेको छ ।

(क) शेरबहादुर देउवाको प्रधानमंत्रीत्वकालमा आज भन्दा १५ बर्ष अघि नेपाललाई छुवाछुत मुक्त राष्ट्र घोषणा गरिएको र २०६८ सालमा जातीय भेदभाव तथा छुवाछुत (कसूर र सजाय ) ऐन, २०६८ पारित भएको अवस्थामा पनि छुवाछुत हटेको छैन । छुवाछुतका घटनाहरू दिनहुँ बढीरहेका छन् ।

(ख) चाहना भएर पनि राजनीतिक पार्टीको दवाव र प्रभावका कारणले उजुरीको प्रकृयामा नजाने प्रबृत्ति बढेको छ । अधिकांश पीडितले प्रहरी समक्ष उजुरी दियो र अदालतसम्म जाने मनसाय व्यक्त गऱ्यो भने सबैभन्दा बढी दवाव राजनीतिक पार्टीका कार्यकर्ताहरूले दिनेगरेका छन् । उनीहरू सामाजिक रुपमा नै मिलाउनु पर्दछ भन्नेमा विश्वास गर्दछन् ।

(ग) दलित समुदायलाई आफ्नो परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्ने हक हुनेछ । राज्यले दलित समुदायका परम्परागत पेशा सँग सम्बन्धित आधुनिक व्यवसायामा उनीहरूलाई प्राथमिकता दिई त्यसका लागि आवश्यक पर्ने सीप र स्रोत उपलब्ध गराउनेछ ।

(घ) पछिल्लो समय विभिन्न संविधान ऐन नियमहरू जारी गर्दै छुवाछुत प्रथालाई हटाउन प्रयास गरिएको छ । यसका उपायहरूको खोजी गर्दै सरकारी र सामाजिक तबरबाट पनि भेदभाव र छूवाछूत हटाउन प्रयास गरेपनि कानूनी रुपमा हटेपनि सामाजिक रुपमा पूर्णतया हट्न सकेको छैन ।

**निष्कर्ष :**

नेपालमा छुवाछूत प्रथा भारतबाटै प्रवेश गरेको हो । भारतमा हरिजन या शूद्र वा नेपालमा दलित भनेर चिनिएका समुदायलाई जंगवहादुर राणाको नयाँ मुलुकी ऐनले छोइछिटो गर्न र नगर्ने व्यवस्था गरी नेपाली समाजमा कानूनी रुपमा नै छुवाछूतलाई मान्यता दिएको भएपनि राजा महेन्द्रको पालामा बनेका मूलुकी ऐनले पहिलो पटक छुवाछूत हटाएको थियो । पछिल्लो समयमा छुवाछूत हटाउन यसलाई अपराधका रुपमा स्वीकार गरी संविधान, ऐन, कानून र निर्देशिकाहरूमा समेत छूवाछूत विरुद्ध कडा दण्ड जरिवानाको व्यवस्था गरिएपनि व्यवहारमा कानून प्रयोगमा आएको छैन । केही अदालती कारवाहीहरू भएपनि यो अपवादका रुपमा देखिएको छ । अझ पनि कानूनमा छुवाछूतलाई अपराध भने पनि सामाजिक रुपमा कानून कार्यान्वयन गर्न सकिएको छैन ।

छुवाछूतलाई न्यूनिकरण गर्न वा अन्त्य गर्नका लागि मूख्य रुपमा निम्न कुराहरूमा ध्यान दिन जरुरी छ ।

(१) सामन्ती संस्कार नै छुवाछुत प्रथाको जड हो । जबसम्म मानिसको मनवाट सामान्ती सोच हटदैन तबसम्म छुवाछुत हटाउन सकिदैन । छुवाछुत मान्ने परिवारको बालबालिकादेखि नै समावेशी शिक्षाको अवधारणामा प्रशिक्षित गरिनु पर्दछ ।

(२) जब जब सरकारमा यथास्थितिवादीहरू पुग्दछन् तबतब सामन्तवाद सक्रिय भएर आउँछ । अहिले त्यस्तै भएको छ । नेपालमा अहिले नयाँ आवरणमा सामन्तवाद फस्टाइरहेको छ । व्यक्तिगत चरित्रका प्रधानमंत्री, मंत्रीहरूको हालीमुहाली भएसम्म राज्यको लागि नयाँ कोणवाट सोच्ने फुर्सत उनीहरूलाई हुदैन छुवाछुतको मुद्धा सरकारवादी हुने भएकोले प्रहरीलाई सरकारले यसको कार्यानन्वयनमा विशेष निर्देशन दिनु पर्दछ ।

(३) उहिले उहिले सुन विर्ता पाएजस्तो दलितलाई जे गर्दा पनि हुन्छ भन्ने भावना अहिलेको 'डनाधिस' हरूमा जहिले सम्म रहन्छ र कानूनलाई कार्यान्वयन नहुन दिन सक्रिय भोटको राजनीतिले दलितहरू जो जुन स्थानमा पनि अल्पसंख्यकको रुपमा बसोबास गरिरहेका छन् । उनीहरूको धाक रबाफ चल्दैन । दलितहरू संख्यात्मक रुपमा जहाँ पनि कम हुन्छन् । नेपालमा अहिले हुलतन्त्रको चलखेल छ । हुलतन्त्रको त्रासको शिकार सुरक्षा निकाय, स्थानीय प्रशासन, अदालतका न्यायधिसहरू पनि भएका छन् । यसले दण्डहीनता बढेको छ । दण्डहीनताको अन्त्य नभएसम्म छुवाछुत हटाउन न्याय दिने निकायहरूलाई अप्ठेरो परेको छ ।

(४) नीतिगत निर्णय गर्नेहरू त शिक्षित बर्ग नै पर्दछन् । त्यो तहमा सहजता हुन्छ । तर यसको कार्यान्वयन गर्ने तल्लो तहका मानिसहरू विभिन्न कारणले सिंहदरवारमा बसेर घोषणा गरेर सवैको मनस्थिति परिवर्तन गर्न सकिदैन । नेपालका धेरै बौद्धिक व्यक्तित्वहरू बहिर भाषणमा छुवाछुत मान्दिन भनेपनि व्यवहारमा कार्यान्वयन गरिरहेका छैनन् । दलितहरू नभएको कुनै छलफलमा जब छुवाछुतको कुरा उठ्छ त्यसबखत ब्राम्हणहरूले मन्को कुरा बोल्दछन् । जुन छुवाछुतको समर्थनमा हुन्छ । त्यसैले दलितलाई होइन गैरदलितलाई चेतनाको खाँचो छ । त्यस तर्फ ध्यान दिनु पर्दछ । छुवाछुत बढी मान्नेहरू पण्डित परोहितहरू बढी छन् । दलित र पण्डित पुरोहितलाई संगैराखेर कार्यक्रमहरू संचालन गरिनु पर्दछ । देशमा प्रख्यात पण्डितहरू जे भागवत पुराण बाचन गर्दछन् । उनीहरू मध्ये १० वा २० जनालाई सरकारले नै दलित बस्तीहरूमा गएर दलितहरूले लगाउने धार्मिक कार्यहरूमा पुजा गरिदिने,त दलितको हातवाट टिका लगाउने अभियान संचालन गरे । जात काटि्ने डरले मनमा भएर पनि दलितको हातवाट टिका नलगाउनेहरूको हिम्मत खुल्ने थियो । यसले छुवाछुत घटने थियो ।

(५) कानून कार्यान्वय गर्ने निकायहरूले कानूनी प्रकृयालाई अगाडी बढाउनु पर्दछ । मेलमिलापले अन्याय गर्नेको मनोबल बढ्छ । एउटा कारवाही अन्यस्थानमा नजिर बन्ने हुन्छ । कानूनी प्रक्रियालाई अगाडी नबढाउनु पनि छुवाछुतलाई प्रोत्साहन दिन हो । कानुन कार्यान्वयन गर्नेले संवेदनशील भएर लाग्नु पर्छ । एउटा दलितको आफ्नो पक्षमा धेरै ठूलो पद भनेको हबल्दार सइ सम्मको पदका हुन्छन् । तर छुवाछुत गर्नेको कतै न कतै ठुलठूला पदका प्रहरीको सोर्स हुन्छ । माथीवाट फोन आएपछि हबल्दार र सइ दोहोरो कुरा नगरी सहयोग गर्नै छोड्छन् । कानूनी कार्यान्वयन गर्ने अधिकारीहरूले नजिर स्थापित गरिदिनु पर्दछ ।

(६) छुवाछुतको भावना कमजोर आर्थिक अवस्था भएकामा झन बढी रुपमा लाद्न खोजिन्छ । त्यसैले दलितहरूको परम्परागत सीपको आधुनिकिकरण र सहकारीकरण गर्नु पर्दछ । बैंकले विना धितो कर्जा लिने प्राबधान बनाउनु पर्दछ । दलितलाई होटल संचालनको लागि केही बर्ष कर छुट हुनेगरी कर्जाको व्यवस्था गरिनु पर्दछ ।

(७) महिलावर्गहरूलाई बढी अग्रसर गराउन शिक्षा तथा अन्य क्षेत्रमा प्रेरित गर्नुपर्छ । संगठनहरूमा पनि महिला सहभागिता गराउनु पर्छ । स्वास्थ्य सम्बन्धी कार्यक्रममा महिला सहभागिता बढी उपयुक्त हुन्छ ।कथित उच्च जाति र दलित तथा दलित- दलितबीच हुने छुवाछुतको अन्त्यका लागि पनि सरकार र गैरसरकारी निकायले विभिन्न कार्यक्रमहरू गरेर पहल गर्नु पर्दछ ।

(८) दलितहरूको आर्थिक स्थिति सुधार्ने प्याकेज दिनु पर्ने । जस्तै इच्छाएको व्यापार व्यवसाय गर्न, पसल खोल्न, हातले बनाउने सामग्री उत्पादन गरेर नजिकको बजारमा विक्रि गर्न वा नजिकको उद्योगहरू वा अन्य कुनै होलसेल गर्नेहरूसंग समन्वय गरेर सामान प्याकिङ् वा कुनै सामग्री हातले बनाउनु पर्ने खालकोलाई घरघरमा कच्चा पदार्थ दिएर सामग्री बनाउन लगाउने । सबै महिलालाई बर्षभरी आयआर्जनमा संलग्न हुने काम दिएर सक्रिय बनाइराख्ने ।

(९) सिटिइभिटीको सीप परिक्षण जिल्ला स्तरमा पनि संचालन गर्ने, दलितका सीपहरूलाई मान्यता दिने । दलितका परम्परागत सीप र सेवाको सहकारी संस्था खोल्ने । यसलाई संचालन गर्न कर्जा प्रबाह गर्ने । दलितलाई जुत्ता, बाँसको सामाग्री बनाउने, कृषि फार्म खोल्न प्रोत्साहित गर्ने । दलितहरूको परम्परागत पेशा संग मिल्ने उद्योगहरूमा नोकरीको लागि पहिलो प्राथमिकता सोही जातिका दलितहरूलाई दिनु पर्दछ दलित प्रोफाइल बनाउँदा सोसियल इन्डेक्स वा सोसियल इनक्लूजन इन्डेक्स जस्तो इन्डिकेटर पनि समावेश गर्ने ।

(१०) दलित हिंसाका घटना गाउँघरमा धेरै छ । तर बाहिरबाट देखिएको छैन । त्यसलाई बाहिर ल्याउन वास्तविक तरिक, प्रक्रिया नपाइएकोले मोवाइल टोली गाउँगाउँमा घुम्ने व्यवस्था मिलाउने । यसका लागि हेलो सरकारजस्तो तरिका पनि अपनाउन सकिन्छ । यसको लागि कानुनी ससमस्या निराकरणका लागि थप सचेतता अपनाउने । आन्दोलनलाई कानुनसम्मत बनाउन टास्कफोर्स सपोर्टिभ बजेटको व्यवस्था गर्नु पर्दछ । कानूनी लडाई लडनका लागि कोषको स्थापना गर्नुपर्ने देखिन्छ ।

(११) नागरिकता नपाएका दलित समुदायको हीतमा काम गर्न २०३७ सालको जनमत संग्रहको भोटरलिस्ट वा त्यसपछि पञ्चायत कालमा भएका निर्वाचनहरूको मतदाता नामावलीहरू खोजी त्यसमा नाम भएका दलित समुदायका मानिसहरूलाई सोही रेकर्डको आधारमा नागरिकता दिन जिल्ला प्रशासन कार्यालयमा पहल गर्ने । नागरिकता नहुने सुकुम्बासीहरूलाई वडाको सिफारिसमा छुट्टै खालको फर्मेटमा लालपूर्जा दिने नीति भूमि आयोगले गरेकोले त्यसको उपयोग गर्न समन्वय गर्ने ।

(१२) कृषि सम्बन्धी दलित समुदायबाटै जेटिए, जेटि, बीएस्सीएजी, एमएस्सीएजी पढाउने व्यवस्था मिलाउने । मल खाद्य उत्पादनको तालिम दिने, नगदे तरकारी खेती, बेमौसमी तरकारी खेती तर्फ उन्मूख हुने गरी पशुपालनमा सीप सिकाएर सामुहित खेती प्रणाली तर्फ उन्मुख गराउनका लागि भाडामा जग्गा उपलब्ध गराउने र उक्त भाडा सरकारले तिर्ने व्यवस्थालाई सरल रुपमा प्रक्रियामा ल्याउने । महिलाहरूलाई सिलाई कटाई, ब्यूटिपार्लर, स्वास्थ्य सरसफाई सम्बन्धी तालिमहरू दिने ।

(१३) सीप, अभ्यास, चालचलन, जोखिमहरूको विषयमा अध्ययन अनुसन्धान गर्ने, विश्वविद्यालयहरूसंग समन्वय गरेर त्यस्ता विषयमा अध्ययन अनुसन्धान गरिदिन अनुरोध गर्ने । अध्ययन भएका विषयका अधारमा त्यसलाई अनुशरण गर्ने निकाय खडा गर्ने । भइरहेका काम वा समुदायको अवस्था बुझ्नका लागि संयुक्त अनुगमन, मूल्याङ्कन गर्ने, परामर्श गर्ने, अवलोकन गर्ने र योजनाको खाका तयार गर्न अभिप्रेरित गरेर दलित बस्तीका भित्री लुकेका सम्भाव्यता र अवसरहरूलाई केलाएर भावी कार्यक्रमहरू बनाउन सहयोग गर्ने । .दलितहरूको परम्परागत सीपको परीक्षण गरी त्यसको प्रमाणपत्र दिने व्यवस्था गर्ने । सीप बृद्धिका लागि तालिम र सीप अनुसारको उद्यम गर्नका लागि आर्थिक र मेशनरी सहयोग गर्ने ।

(१४) दलितका आदर्श मानिसहरूको कथालाई सार्वजनिक गर्ने तथा यसको लागि मिडिया, सोसल मिडिया, डकुमेन्ट्रीहरू बनाउने वा पुस्तक प्रकाशन गर्नुपर्दछ । सफलताका कथाहरूले हामी पनि यस्तो बन्नु पर्दछ भन्ने भावना जागृत हुन्छ ।

(१५) दलित समुदायमा भकारी घर वा नगद कोषको व्यवस्था गरी आपत पर्दा धेरै व्याजमा कर्जा लिएर जीवनभर कर्जामा डुब्ने प्रबृत्तिको अन्त्य गर्ने ।

माथीका सबै गर्नका लागि राजनीतिक इच्छा शक्तिको आवश्यकता पर्दछ । विभिन्न राजनीतिक पार्टीका नेताहरूले पार्टीका स्वार्थलाई भन्दा दलितहरूको हीतलाई ध्यान दिई जसको समस्या उसको अगुवाई हुने

समितिहरू बनाउने र कार्यान्वयन गराउने रणनीति बनाउनु पर्दछ । छुवाछूतको कानून कार्यान्वयन गराउन तर्फ जोड दिँदा समग्र रुपमा दलित समुदायको लागि प्याकेज मै गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र सुरक्षा जस्ता आधारभूत आवश्यकताहरू पुर्ति गर्ने तर्फ ध्यान दियौं भने आर्थिक र शैक्षिक प्रगतीका साथ साथ स्वास्थ्य र सरसफाईमा ध्यान दिने तौरतरिकामा समेत फरक आउन थाल्ने छ । यसले शुरुमा शहरी क्षेत्रमा र विस्तारै ग्रामीण भेगबाट समेत छुवाछूत र विभेद हट्नेछ ।

**सन्दर्भग्रन्थ सूची :**


अर्याल, मुरारी (२०६१), *नेपालमा सामन्दवाद,* सहस्राब्दी प्रकाशन प्रा.लि. ।

आहुति (सन् २००४), *हिन्दू समाजमा दलित जातीय मुक्तिका प्रश्न,* डेशेन, मेरी र प्रत्युष वन्त (सम्पा.), नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन, पेज ४७५ देखि ५२१ सम्म, सोशल साइन्स वहा :का लागि हिमाल किताब ।

कुशियैत, विनयकुमार (२०६७ पुस), *खाँचो : पर्खालबिहिन स्कूलको,* शिक्षक मासिक, बर्ष ३, पूर्णाङ् ३, २०६७ ।

गुरुङ, हर्क (२००३), *त्रिशूल र दोर्जे नेपाली राजनीतिमा सामाजिक परिवेश* (द महेशचन्द्र रेग्मी लेक्चर २००३), सोसल साइन्स बहाः ।

गेज, फ्रेडरिक एच. (२०१३), *नेपालमा क्षेत्रीयता र राष्ट्रिय एकता,* सोसल साइन्स वहाः ।

चौधरी दीपक (२०६५), *नेपालको मधेशी समाज,* रत्न पुस्तक भण्डार ।

*जातीय भेदभाव तथा छुवाछुत (कसूर र सजाय) ऐन,* २०६८ ।

*जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) (पहिलो संशोधन) ऐन,* २०७५ ।

*दलित सशक्तीकरण सबन्धमा व्यवस्थागर्न बनेको ऐन,* २०७६ ।

*दलित सशक्तिकरण निमावली,* २०७८ ।

दहाल, डिल्लीराम, विधान आचार्य आदि (अनुसन्धानकर्ता), (सन् २००२), *राष्ट्रिय दलित रणनीति प्रतिवेदन (श्री ५ को सरकार, राष्ट्रिय योजना आयोगको लागि)* एक्शन एड नेपाल, केयर नेपाल र सेभ द चिल्ड्रेन ।

देवकोटा, गृष्मबहादुर, (वि.सं.२०५६), *नेपालको राजनीतिक दर्पण भाग १,* ध्रुबबहादुर देवकोटा ।

*नेपालको अन्तरिम संविधान २०६३* ।

*नेपालको संविधान २०७२* ।

पासवान, भोला र सुवाल, इरिशा ( २०६९), *डोम समुदायको पहिचान बदलिँदो जीवनशैली,* समता फाउण्डेशन ।

महर्जन, राजेन्द्र र किसान यामबहादुर (सम्पा.) ( २०७०), *दलनविरुद्ध प्रतिरोध,* समता फाउण्डेशन ।

विश्वकर्मा, अर्जुन (२०७६), *चमार समुदायको पहिचान र अवस्था,* समता फाउण्डेशन ।

राम, महेन्द्र नारायण ( सन् २०१३), *दुसाध जातिका बृहत इतिहास,* शब्द प्रकाशन ।

*रुपान्तरणका पाइलाहरू. (पूर्वाञ्चल क्षेत्रको दलित आन्दोलनमा सहभागितामूलक प्रक्रियासम्बन्धी अध्ययन प्रतिवेदन)* ( २०५९) अर्पन र एक्शन एड नेपाल ।

शास्त्री, रजनीकान्त (सन् १९९९(१९४०), *हिन्दू जातिका उत्थान और पतन,* किताब महल ।

शास्त्री, विजय सानकर (सन् २०१६), *हिंदू चर्मकार जाति (एक स्वर्णिम गौरुवशाली राजवंशीय इतिहास),* प्रभात प्रकाशन ।